# कोहलपुर राजपत्र

**खण्ड :०२** **संख्या : ०८** **प्रकाशित मिति : २०७५/०८/३०**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम कोहलपुर नगरकार्यपालिकाले बनाएको तललेखिए बमोजिमको **पशु सुत्केरी भत्ता ( गाई भैंसीलाई) अनुदान सञ्चालन कार्यविधि-२०७५** सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**भाग-०२**

**कोहलपुर नगरपालिका**

## पशु सुत्केरी भत्ता (गाई भैसीलाई) अनुदान सञ्चालन कार्यविधि -२०७५

**प्रस्तावना** : गाईभैसीलाई बेतभरी दिने दुधको परिमाण ब्याएको दुई महिना भित्र दिएको दुध उत्पादनमा निर्भर रहेको हुन्छ।सो अवधी भित्र लैनो पशुले बढि दुध दिने सकेमा मात्र सोहि अनुपातमा सो बेत भरी नै उत्पादन कायम राख्न सकिन्छ।यसैले सो अवधी पशुको अति महत्वपुर्ण अवस्था रहेको र त्यस अवस्थामा नै नबजात बाच्छाबाच्छि-पाडापाडीको स्याहार सुसार गर्नु पर्ने भएकोले आवश्यकता अनुसारको सन्तुलित आहारा र अन्य स्याहार सुसारका लागी कृषकहरुमा जागरण ल्याउन आवश्यक ठानी गाई-भैसीलाई सुत्केरी भत्ता अनुदान कार्यक्रमलाई सरल, सहज, व्यवस्थित,प्रभावकारी र पारदर्शी रुपले कार्यान्वयन गर्न कोहलपुर नगरपालिकाले यो कार्यविधि जारी गरेको छ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

१.यो कार्यबिधिको नाम नगरस्तरिय **पशु सुत्केरी भत्ता अनुदान** संचालन कार्यविधि-२०७५ रहेको छ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

**३.उद्देश्यहरु :**

क) दुधालु पशुको लैनो अवस्थामा थप स्याहार र उचित पोषणको माध्यमबाट दुध उत्पादन बृद्धि गरी सोहि अनुपातमा बेत भरी नै दुध उत्पादन कायम राख्ने

ख) बाच्छा-बाच्छी तथा पाडा-पाडीको मृत्यदर कम गरी उचित बृदिदर,तौल तथा गुणस्तर कायम राख्ने

ग) पशुको दुई बेतको अन्तर कम गरी लागत घटाउने

**४. कार्यक्रम संचालन हुने स्थानहरु** :यस कोहलपुर नगरपालिका अन्तर्गतका सबै वडामा लागू हुनेछ।

**५.यो कार्यक्रमको अवधिः**२०७५ मसिर देखि २०७६असाढ मसान्त सम्मको हुनेछ र आवश्यकता अनुसार बिस्तार गर्दै लगिनेछ ।

**६.कार्यक्रम संचालनको लागि कृषक छनोटका आधारहरू :**

क) पशु बिमा गरेको हुन पर्नेछ।

ख) सम्बन्धित वडा कार्यालयबाट सिफारिस गरेको हुनपर्नेछ।

ग) स्थलगत अनुगमन प्रतिवेदन (नगर पशु सेवा शाखाबाट)पेश गरेको हुनु पर्नेछ।

घ) निबेदन पेश गर्दा सुत्केरी पशुको तस्वीर सहित पेश गर्नु पर्नेछ।

**७. कार्यक्रम संचालनका लागी छनौट प्रकृया :**

क) कोहलपुर नगरपालिका/नगर पशु सेवा शाखाले सार्वजनिक सुचना आह्वन गर्नेछ।

ख) अनुदान प्राप्त गर्न ईच्छुक कृषकले मापदन्ड पुरा गरी कोहलपुर नगरपालिका/नगर पशु सेवा शाखा कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ।

ग) नगर पशु विकास कार्यदलले पेश भएका बिबरणको आधारमा कृषक छनोट गर्नेछ।प्रति कृषकलाई रु. २०००.०० दरले कृषकलाई उपलब्ध हुने गरी छनौट समितिले प्राथिमकताको आधारमा कृषक छनोट गर्ने छ।

घ) विनियोजित बजेटबाट पुग्ने संख्याका कृषकभन्दा बढि आवेदन परेको हकमा गरिबीका सुचिमा परेका तथा हाल सम्म कुनै सुविधा नपाएको कृषकहरुलाई पहिलो प्राथामिकता दिई सुचि तयार पारिनेछ।यसो गर्दा पनि कृषक संख्या बढी भएमा पहिले ब्याउने पशुलाई पहिलो प्राथामिकता दिई कृषक छनौट गरिनेछ।

ङ) कृषक छनौट गर्नका लागी आर्थिक विकास समितिका संयोजक, आर्थिक विकास शाखा प्रमुख र नगर पशु सेवा शाखाका प्रमुख रहने गरी ३ सदस्यीय छनौट समिति रहनेछ । अन्य आधार सो समितिले निर्धारण गरे बमोजिम हुनेछ।

ङ) कृषक छनौट भइपछि छनौट भएका कृषकहरुले यो कार्याबिधी अनुसारको अनुदान रकम प्राप्त गर्नेछन।

**८.सेवा सँचालन प्रकृया** :यस कार्याक्रम बमोजिमको सेवा सँचालन गर्ने प्रकृया देहाय बमोजिम हुनेछ।

क) छनौट भएका कृषकलाई नगर पशु सेवा शाखाको शिफारिस **अनुसुचि-२** अनुसार दिईनेछ।

ख) अनुदान प्राप्त गर्न छनौट भएका कृषकलाई कोहलपुर नगरपालिकाको कार्यालयले बैक चेक मार्फत भुक्तानि गर्नु पर्नेछ।

ग) पशु ब्याई नसकेको तर व्याउने अवस्थाको प्रमाण सहित निवेदन पेश गरेर अनुदान प्राप्त गर्न छनौट भएका कृषकहरुले पशु ब्याएको प्रमाण नगर पशु सेवा शाखामा पेश गरेपछि मात्र अनुदान रकम प्राप्त गर्नेछन।

९.गाई भैसीलाई **सुत्केरी भत्ता** पशु आहारा तथा भिटामिन मिनरल आदि खरिद कार्य गर्नका लागि तपशिल बमोजिमको अनुदान उपलब्ध गराईने छ ।

| क.स. | कार्यक्रमको विवरण | ईकाई | रु |
|---|---|---|---|
| १ | सहकारी फार्म /व्यत्तिगत /व्यवसायिक फर्महरुको बिमित गाईभैसी लाई मात्र पशु सुत्केरी भत्ता | प्रति पशु प्रति बेत | २०००/- |

**७.भुत्तानी प्रक्रिया :** पशु सुत्केरी भत्ता कार्यक्रमको भुत्तानी प्रक्रिया नगर पशु सेवा शाखाको शिफारिसमा कूल अनुदान रकम अनुगमन प्रतिवेदन प्राप्त भै सके पछि एकमुस्ट भुत्तानी गरिने छ ।

## अनुसुची –०१

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू                                        मिति ....................................

कोहलपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय

कोहलपुर,बाँके ।

**बिषयःसुत्केरी भत्ता पाउँ ।**

उपरोक्त सम्बन्धमा त्यस कार्यालयको मिति........................................को सुचना अनुसार पशु सुत्केरी भत्ताका लागि यसै निवेदन साथ तपशिलका काँगजातहरु यसै निवेदन साथ संलग्न राखी यो निवेदन पेश गरेको छु ।

**तपशिलः**

१. बिमा को प्रमाण पत्र ।

२. वडा कार्यालयको सिफारिस पत्र ।

३. स्थलगत अनुगमन प्रतिवेदन ।

४. सुत्केरी पशुको तस्बीर

निवेदक

हस्ताक्षर............................

कृषकको नामः.........................

कृषकको ठेगाना........................

सम्पर्क नं..............................

**अनुसुची –०२**

कोहलपुर नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
कोहलपुर,बाँके

पशु सुत्केरी भत्ताको लागी पशुधनीले भर्ने फाराम (०७६/व.०७५.आ)

फर्मःकृषकको नाम/ ठेगानाः

| सि.न. | **पशुको बिबरण** | | | | | | | कृषकको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| | पशुको किसिम | उमेर | ब्याएको मिति | रङ्ग | बिमा कम्पनी | ट्याग नं. | बिमाको अवधि | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

...................... .................... ..............................

पशु सेवा शाखा प्रमुख लेखा प्रमुख प्रमुख प्रशासकिय अधिकृत

**प्रमाणिकरण मिति : २०७५/०८/३०**

**आज्ञाले**
**प्रेम प्रसाद देवकोटा**
**प्रमुख प्रशासकिय अधिकृत**